## मिति २०८०।१२।०४ गतेको ३६औं कार्यपालिका बैठक प्रस्तावहरु

१. विगतको निर्णयहरुको समिक्षा वारे ।
२. तेलको कुपन सम्बन्धमा ।
३. कृषि सामाग्री खरिदको भुक्तानी सम्बन्धमा ।
४. स्टोरबाट वितरण हुने जिन्सी सामानहरु सम्बन्धमा ।
५. उद्यम विकास सहजकर्ताको काम कारवाही मूल्याङ्कन सम्बन्धमा ।
६. हाँडेभिरको गुनासो सम्बन्धमा ।
७. नागरिक आरोग्य केन्द्रका कर्मचारीको सेवा सूविधा सम्बन्धमा ।
८. सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।
९. ५ नं वडाको शिक्षा तर्फको बजेट वितरणको लागि विद्यालय तोक्ने सम्बन्धमा ।
१०. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्राथमिकिकरण निर्धारण सम्बन्धमा ।
११. ठेक्का पट्टाको प्रगति सम्बन्धमा ।
१२. उपभोक्ता समिति गठनको प्रगति सम्बन्धमा ।
१३. अध्ययन तलवी बिदा सम्बन्धमा ।
१४. कृषि औजार खरिद सम्बन्धमा ।
१५. १० (दश) शैया अस्पताल निर्माणको म्याद थप सम्बन्धमा ।
१६. लैससास कार्यान्वयन समिति गठन सम्बन्धमा ।
१७. बालमैत्री कार्यक्रम सञ्चालन सम्बन्धमा ।
१८. किशोरी शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।
१९. भूमिहिन दलित सुकुम्वासी र अव्यवस्थितका लागि सहजीकरण समिति गठन सम्बन्धमा ।
२०. प्रदेश सरकार विशेष र समपुरक योजनाहरू छनौट गर्ने सम्बन्धमा ।
२१. शिक्षक/विद्यालय-विद्यार्थी अनुपात मिलाउने सम्बन्धमा ।
२२. विद्यालयमा विज्ञान प्रयोगशाला र आइ.सी.टि अनुदान व्यवस्थापन सम्बन्धमा ।
२३. ५ नं वडाको भैपरी बजेट सम्बन्धमा ।
२४. कृषक लाभग्राही छनोट संसोधन सम्बन्धमा ।
२५. कृषक लाभग्राही छनोट सम्बन्धमा ।
२६. पशु सेवाबाट वितरण हुने अनुदानको लागि वैकल्पिक लाभग्राही छनोट सम्बन्धमा ।
२७. वडा नं. १ को च्यापकटर वितरण कार्यक्रमको लागि कृषक छनोट सम्बन्धमा ।
२८. दुध संकलन तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि, २०८० स्वीकृति सम्बन्धमा
२९. सारदा मा.वि. भवन तला थप सम्बन्धमा ।
३०. शुभकामना विज्ञापनको भुक्तानी सम्बन्धमा ।
३१. विविध रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा साउन देखि हाल सम्म गरेका निर्णयहरूबारेमा छोटकरी स्मरण भयो सो सम्बन्धमा कार्यान्वयन हुन बाँकी निर्णयहरू कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि छलफल गर्दा इन्धन सुविधा बापत कर्मचारीहरूलाई मासिक १० लिटर दिदै आएकोमा फिल्डमा जानुपर्ने प्राविधिक कर्मचारीहरूलाई औचित्यताको आधारमा मासिक १२ लिटर र अन्य कर्मचारीहरूलाई साविकमा दिदै आएको मासिक १० लिटर नै इन्धन सुविधा दिने निर्णय गरियो । इन्धन सुविधा लिने कर्मचारीको नीजि वा कार्यालयको मोटरसाईकल हुन पर्ने र चालकको सवारी चालक अनुमती पत्र हुनु पर्ने ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा पालिकाको कृषि विकास शाखाबाट सामानहरू (मिनि टेलर, थ्रेसर, होममिल) खरिद गरिएकोमा हालसम्म उक्त सामाग्रीहरू कृषकहरूलाई वितरण नभएकोले उक्त सामाग्रीहरू तुरून्त वितरण गर्ने उक्त सामानहरूको पालिकाले दिन पर्ने रकम विनियोजित शीर्षकबाटै भुक्तानी दिने र कृषि औजार प्रयोग सम्बन्धमा प्रशिक्षण समेत चलाउने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा कार्यालयको लागि अति आवश्यक सामाग्रीहरूको समयमा उपलब्धताको सुनिश्चतताको लागि आवश्यक अति आवश्यक कार्यालय सामाग्रीहरूको अनुमान गरी समयमा नै खरिद गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा उद्यम विकास सहजकर्ता कर्मचारीहरूको कार्य विवरण आफ्नै शाखाको भएता पनि प्रर्याप्त कार्य बोझ नभएकाले १ जनालाई शिक्षा शाखा र अर्को १ जनालाई वडा नं. २ को कार्यालयमा लगाईएकाले शाखा हेरफेर गरि थप अनुभव दिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि छलफल गर्दा हाँडेभिर क्षेत्रमा विगत ६ आर्थिक वर्षमा बाटो स्तरउन्नतीको कार्य भइ रहेकोमा उक्त क्षेत्रमा पालिका बाहेक ताल संरक्षण कास्की / पालिकाको उपभोक्ता समिति र पालिकाको ठेक्का प्रक्रियाबाट गरि विभिन्न निकायले म्याग्दी खोला छेउ ग्यावियन तथा कंक्रिट पर्खाल लगाउने कार्य दोहोरो Duplication नभएको व्यहोरा प्राविधिक बाट मौखिक जानकारी प्राप्त भएकाले निजहरूबाट तहाँ विगत २०७३/०७४ देखि हाल सम्म कुन कुन निकायले कहिले कहिले कति कति काम गरिएको हो लिखित जानकारी लिने निर्णय समेत गरियो ।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ माथि छलफल गर्दा नागरिक आरोग्य केन्द्र बावियाचौरमा कार्यरत वैद्य पद चौथो तहका कर्मचारी संख्या १ र कार्यालय सहयोगी पद संख्या १ ले कार्यरत रहिरहेकोमा वैद्य पदका कर्मचारी प्रदेशबाट पारिश्रमिक पाएता पनि पोशाक भत्ता नपाएको र आयुर्वेद कार्यालय, वेनी बाट मासिक पारिश्रमिक वाहेक अन्य सुविधा केही नपाएकोले उक्त २ जनाको लागि अन्य कर्मचारीले नियमानुसार पाउने पोशाक भत्ता वर्षको १ (एक) पटक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाको आ.व.०८०/८१ को दोश्रो चौमासिक समयावधीको सार्वजनिक सुनुवाइ कार्यक्रम यही चैतको २३ गते वडा नं. ५, पाँखुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ माथि छलफल गर्दा मंगला गाउँपालिका वडा नं ५ को शिक्षा तर्फको बजेट रु ९,००,०००/- (नौ लाख) मिति २०८०।११।४ मा गाउँ सभाबाट ५ नं वडाका विद्यालयहरूलाई डिजिटल स्मार्ट बोर्ड खरिद गर्ने भनि निर्णय भएकोमा ५ नं वडा अन्तर्गतका निम्न विद्यालयहरूलाई सो अनुदान कार्यक्रम दिने निर्णय गरियो।

१. श्री शारदा माध्यमिक विद्यालय, मंगला-५, छिस्वाङ

२. श्री शिशुकल्याण माध्यमिक विद्यालय, मंगला-५, अर्मन

३. श्री भारती आधारभूत विद्यालय, मंगला-५, नेटा

४. श्री विष्णूराष्ट्रिय आधारभूत विद्यालय, मंगला-५, किमचौर

५. श्री किसानी आधारभूत विद्यालय, मंगाला-५, सिर्कुम

**निर्णय नं. १०.** प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०८१/८२ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि यस कार्यालयमा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूबाट पेस भएका प्रस्तावहरू (४ कोठे भवन र सूचना प्रविधि ल्याव व्यवस्थापन र डिजिटल लाइब्रेरी) का आधारमा निम्नानुसारका विद्यालयहरू प्राथमिकिकरण गरि शिक्षा विकास तथा समन्वय इकाइ, बेनी, म्याग्दीमा पेस गर्ने निर्णय गरियो।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शारदा मा.वि. | मंगला-५, छिस्वाङ | १ | ४ कोठे भवन |
| २ | श्री राष्ट्रिय जनजागृति मा.वि. | मंगला-१, पुर्णगाउँ | २ | |
| ३ | सिद्ध शान्ति मा.वि. | मंगला-२, हिदी | ३ | |
| ४ | श्री राष्ट्रिय जनजागृति मा.वि. | मंगला-१, पुर्णगाउँ | १ | सूचना प्रविधि ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी |
| ५ | श्री शारदा मा.वि. | मंगला-५, छिस्वाङ | २ | |

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.व. ०८०/८१ को ठेक्का पट्टा गरि निर्माण कार्य गराउने तपसिलका योजनाहरूको तपसिल अनुसार प्रगति भएको व्यहोरा बैठकमा जानकारी भयो । उक्त ठेक्का पट्टाको कामहरू समय सीमामा नै कार्य सम्पन्न गराउन निर्माण व्यवसायीलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेक्काको सूचना प्रकाशन मिति | ठेक्काको मुल्याङकन अवधि | ठेक्काको सम्झौता मिति | कवोल अंक | सम्पन्न गर्नु पर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिम-कोत्रबाङ- | २०८०/०६/२५ | १५ दिन | २०८०/०९/२५ | १७३७८५७९.०५ | २०८१/०३/१० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खुम्ल्या-पैंयुपाटा-कुँहू पुर्णगाउँ टोड्के मोटरबाटो स्तरोन्नती | | | | | | |
| २ | बाबियाचौर-काफलचौर-सल्यान-भर्जुला मोटरबाटो स्तरोन्नती | २०८०/०७/२४ | १५ दिन | २०८०/०९/२५ | ७१४०५७६.२७ | २०८१/०३/१० | |
| ३ | मंगला शिक्षा क्याम्पस छात्राबास भवन निर्माण | २०८०/०९/०३ | १५ दिन | २०८०/११/०९ | ८११५५०२.७३ | २०८१/०३/१० | |
| ४ | हाँडेभिर संरक्षण | २०८०/०९/०३ | १५ दिन | २०८०/११/०९ | ६४५१९४५.९७ | २०८१/०३/१० | |
| ५ | पुलचोक पिपलबोट पाँखु धारा सिर्कुम टिकाबाङ मोटरबाटो स्तरोन्नती | २०८०/०९/२६ | १५ दिन | २०८०/११/२२ | १०३४९६८५.२६ | २०८१/०३/१० | |
| ६ | महेन्द्र रत्न मा.वि.छात्राबास भवन निर्माण | २०८०/११/०८ | | | | | ठेक्का आह्वान मात्र भएको |
| ७ | कुँहु गाउँ भित्रको मुख्य सडक निर्माण | २०८०/११/१४ | | | | | ठेक्का आह्वान मात्र भएको |
| ८ | थाइबाङ हिदि सडक निर्माण | २०८०/११/३० | | | | | ठेक्का आह्वान मात्र भएको |

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ माथि छलफल गर्दा उपभोक्ता समितिबाट तपसिलको वडागत रूपमा सम्झौता भएको अवस्था भएकाले सम्झौता हुन बाँकी वडाको यथाशीघ्र गराउन वडा कार्यालयका कर्मचारीलाई जानकारी दिने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | उपभोक्ता मार्फत सम्पन्न गर्नुपर्ने जम्मा आयोजना संख्या | हालसम्म लागत अनुमान तयार भएका | हालसम्म सम्झौता भएका | कार्यसम्पन्न भएका | सम्झौता हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | २३ | १७ | ७ | ३ | १६ | |
| २ | २ | २७ | २१ | १२ | ३ | १५ | ३ वटा लालपुर्जा विहिन |
| ३ | ३ | २२ | २० | १० | ० | १२ | |
| ४ | ४ | १० | ९ | ९ | १ | १ | |
| ५ | ५ | १२ | ५ | १ | १ | ११ | |
| जम्मा | | ९४ | ७२ | ३९ | ८ | ५५ | |

**निर्णय नं. १३.** प्रस्ताव नं. १३ माथि छलफल गर्दा अध्ययन तलवी विदा सम्बन्धमा छलफल गर्दा यस मंगला गाउँपालिका अन्तर्गत बरंजा स्वास्थ्य चौकीमा क.स.नं. २२०६२१ सि.अ.न.मी. (सहायक पाँचौ) पदमा कार्यरत श्री रन्जना थापाले अध्ययन बिदा पुर्वस्वीकृती लिई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०८०/११/१३ गते पोखरा नर्सिङ्ग क्याम्पसमा स्नातक नर्सिङ्ग विज्ञान बिषयमा छात्रवृतीमा मनोनयन भई ३ वर्ष अध्ययन अवधि रहेको हुनाले नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५३ र गण्डकी प्रदेश सरकारको स्थानीय सेवा( गठन तथा सञ्चालन) नियमावली २०८० नियम १११ मा उल्लेख भए बमोजिम अध्ययन बिदा सकिसके पछि गर्नुपर्ने थप सेवा गर्ने गरी निज कर्मचारीको अध्ययन अवधि समयसम्म अध्ययन तलवी बिदा स्वीकृत गर्ने निर्णय भयो ।

**निर्णय नं. १४.** प्रस्ताव नं. १४ माथि छलफल गर्दा कृषि औजार खरिद सम्बन्धमा छलफल गर्दा विगतको छलफल गर्दा यस आ.व. ०८०|८१ का लागी कृषि शाखा तथा मंगला गाउँपालिका वडा नं १, २, ४ र ५ मा कृषि सामाग्री तथा कृषि औजार वितरण ५० % अनुदान कार्यक्रममा विनियोजन भएको बजेट लाई विद्युतिय बोलपत्र आब्हान गरी सामाग्री खरिद गरी कृषकलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.** प्रस्ताव नं. १५ माथि छलफल गर्दा मंगला गाउँपालिका वडा नं. ५ मा ओम बुद्ध इन्टरनेशनल कम्पनी प्रा.लि. (Om Buddha International Construction Pvt.Ltd.) को तर्फबाट निर्माणाधिन आयोजना, MRM/NCB/WORKS/11/2077/078, Construction of 10 Bed Primary Hospital At Mangala-5 को निर्माण कार्यको सम्झौता अवधि मिति २०८०/१२/०९ (प्रथम पटक म्याद थप सहित) मिति २०८०/१२/०९ सम्म मात्र कायम रहेकोमा, निर्माण कम्पनी श्री ओम बुद्ध इन्टरनेशनल कम्पनीले मिति २०८०/११/१८ (1st March 2024 ) दिएको म्याद थप सम्बन्धी निवेदनमा समयमा काम सम्पन्न हुन नसक्नुको कारणहरुः (निर्माण सामाग्रीको अभाव तथा मूल्य वृद्धि, बाटोको कारण निर्माण सामाग्रिको ढुवानीमा असहजता) मनासिव देखि, सार्वजनिक खरिद ऐन-२०६३ को दफा ५६, सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौ संशोधन सहित) को नियम १२० र मंगला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२९ मा भएको म्याद थप सम्बन्धी प्रावधान बमोजिम उक्त आयोजनाको निर्माण सम्झौता अवधि मिति २०८१/१२/०९ सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६.** प्रस्ताव नं. १६ माथि छलफल गर्दा लैङ्गिक समनता तथा सामाजिक समावेशिकरण वनाउनका लागि स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ बमोजिम लैससास कार्यान्वयन समिति गठन गर्नुपर्ने व्यवस्था अनुसार तपसिलमा उल्लेखित समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. गाउँपालिका अध्यक्ष - --------------------------------------------------- संयोजक
२. गाउँपालिका उपाध्यक्ष - ------------------------------------------------- सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - ---------------------------------------------- सदस्य
४. सामाजिक सामाजिक विकास समितिका संयोजक - ------------------------ सदस्य
५. सरस्वती उपाध्याय, तिल कुमारी खत्री, शंकर शेरचन (कार्यपालिकाको सदस्यहरू मध्येबाट कम्तीमा २ जना महिला सहित संयोजकले तोकेको ३ जना -सदस्य)
६. संघसंस्थाहरुबाट समावेशी प्रतिनिधित्व हुने गरि संयोजकले तोकेको ३ जना -- सदस्य
७. लैससास हेर्ने विभाग/महाशाखा/शाखा प्रमुख - ------------------------------ सदस्य सचिव

(समितिमा जम्मा ------------------------------------------------------------------ ९ (नौ) जना)

**निर्णय नं. १७.** प्रस्ताव नं. १७ माथि छलफल गर्दा मंगला गाउँपालिकालाई बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गर्नका लागि सामाजिक विकास कार्यालय म्याग्दी सँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्नका लागि रूपान्तरण नलेज हव प्रा.लि., रत्ननगर-९ चितवन नेपालबाट प्रस्तुत अवधारणा पत्र बमोजिम बजेट व्यवस्थापन गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८.** प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस गाउँपालिकाको माध्यामिक विद्यालयमा अध्ययनरत किशोरीहरूलाई लक्षित गरी किशोरी शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि सामाजिक विकास कार्यालय म्याग्दीको लागत साझेदारी र मिलन म्याग्दीको समन्वयमा कार्यक्रम खर्च शीर्षकबाट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९.** प्रस्ताव नं. १९ माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नका लागि भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ मा स्थानीय तह स्तरीय भूमिहिन तथा अव्यवस्थित वसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्ने भएकाले तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. स्थानीय तहको प्रमुख वा अध्यक्ष ---------------------------------- संयोजक
२. स्थानीय तहको उप प्रमुख/ उपाध्यक्ष ----------------------------- उपसंयोजक
३. सम्बन्धित स्थानी तहमा क्रियाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि- सदस्य
४. शंकर शेरचन, सरस्वती उपाध्याय (कार्यपालिकाको सदस्यहरू मध्येबाट एक दलित/अल्पशंख्यक र एक महिला गरी दुई जना-----------सदस्य)

५. स्थानीय तहमा क्रियाशिल किसान, सुकुम्वासी, भूमि, वसोबास लगाएतका क्षेत्रमा काम गरिरहेका संघ संगठन वा नागरिक समाजबाट नदोहरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि(कम्तीमा एक महिला र दलित सहित तीन जना) ------------------ सदस्य

६. प्रमुख प्रशासकीय अधिकृत ---------------------------------------------- सदस्य सचिव

(समितिमा जम्मा -------------------------------------------------------- ९ (नौ) जना)

**निर्णय नं. २०.** प्रस्ताव नं. २० माथि छलफल गर्दा मंगला गाउँपालिकाको तर्फबाट आगामी आ.व. २०८१/८२ मा गण्डकी प्रदेश सरकार समक्ष विशेष र समपुरक अनुदान अन्तर्गत देहायका आयोजना देहाय बमोजिमको प्राथमिकता क्रम अनुरूप माग गर्ने निर्णय गरियो ।

क) विशेष अनुदान तर्फ

१) महेन्द्र रत्न मा.वि. छात्रावास भवन निर्माण वडा नं. ३

२) सामुदायिक स्वास्थ्य इकाइ भवन वडा नं. ३

३) बाबियाचौर बजार संरक्षण वडा नं. २

ख) समपुरक अनुदान तर्फः

१) बाबियाचौर काफलचौर सल्यान भर्जुला मोटरबाटो स्तरोन्नती

२) मंगला शिक्षा क्याम्पस कम्पाउण्डिङ

३) कैलाशफाँट खेलकुद मैदान स्तरोन्नति

**निर्णय नं. २१.** प्रस्ताव नं. २१ माथि छलफल गर्दा मंगला गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक सत्र २०८० मा भएका शिक्षक/विद्यालय-विद्यार्थी संख्याको अनुपातको आधारमा विशेष गरी प्राथमिक तह (१-५) का शिक्षक/विद्यालय-विद्यार्थीको उपयुक्त अनुपात मिलाउन हाललाई शिक्षकहरू काजमा खटाई उपयुक्त शिक्षक/विद्यालय-विद्यार्थी संख्याको अनुपात मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २२.** प्रस्ताव नं. २२ माथि छलफल गर्दा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च.न. १६५, मिति २०८०।०३।०५ को पत्रानुसार विद्यालयमा विज्ञान प्रयोगशाला र आइ.सी.टि अनुदान व्यवस्थापन तोकिएका स्वीकृत कोटा तथा बजेटको परिधिमा रहि गत विगत आ.व. मा यस खालको कार्यक्रमका अनुदान प्राप्त नगरेका तपसिलका माध्यमिक विद्यालयहरुलाई प्रति विद्यालय रु. ६,५०,०००/- दरले अनुदान प्रदान गर्ने र सोका लागि सम्बन्धित विद्यालयलाई कार्यक्रम सुचारू गर्नका लागि सम्झौता/कार्य आदेश दिने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान शिर्षक |
|---|---|---|---|
| १ | दिपशिखा मा.वि. | मंगला-१, कुहुँ | आइ.सि.टि अनुदान व्यवस्थापन |
| २ | शिशुकल्याण मा.वि. | मंगला-५, अर्मन | विज्ञान प्रयोगशाला अनुदान व्यवस्थापन |

**निर्णय नं. २३.** प्रस्ताव नं. २३ माथि छलफल गर्दा आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५ नं वडाको भैपरी आउने खर्च शिर्षकमा विनियोजित रकमबाट तपसिल बमोजिमका क्रियाकलाप कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

क) टिकावाङमा नेपाल टेलिकमको टावर राख्न कोठा निर्माणको लागि ढुङ्गा सङ्कलन र जस्तापाता खरिद -रु. ५०,०००/- (पचास हजार)

ख) कैलाशफाँट मन्दिर परिसर व्यवस्थापन- रु. २५,०००/- (पच्चीस हजार)

**निर्णय नं. २४.** प्रस्ताव नं. २४ माथि छलफल गर्दा मंगला-२ मा डिजेल मिनिटेलर वितरण ५०% अनुदानको लागि छनोट भएका कृषक मन कुमार शाहीले अनुदान नलिने भएकोले उक्त कार्यक्रमको लागि कृषक जगत बहादुर शाहीलाई छनोट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५.** प्रस्ताव नं. २५ माथि छलफल गर्दा मंगला गाउँपालिका भित्रका तपसिल बमोजिमका कृषकहरूलाई कृषि व्यवसाय सञ्चालनको आधारमा उत्कृष्ट कृषकको रुपमा छनोट गरी प्रोत्साहन गर्ने निर्णय गरियो ।

तपसिल

क) याम बहादुर बुढाथोकी, मंगला-१

ख) थम प्रसाद पौडेल, मंगला-२

ग) नरिलाल कामी, मंगला-३

घ) क्षेत्र बहादुर रोका, मंगला-४

ङ) धन बहादुर रोका, मंगला-५

**निर्णय नं. २६.** प्रस्ताव नं. २६ माथि छलफल गर्दा ५०% अनुदानमा कुखुरा खोर निर्माण, नमुना बाख्रा खोर निर्माण, च्यापकटर वितरणको लागि तपसिलका वैकल्पिक कृषकहरूलाई छनोट गर्ने निर्णय गरियो ।

**क) कुखुरा खोर निर्माण (५०% अनुदान)**

| क्र.सं. | कृषकको नामथर | ठेगाना | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | मन कुमार शाही | मंगला-२, पानाबगर | | |
| २ | सुविता आचार्य | मंगला-५, धारा | रानीबाँस कृषि तथा पशुपंक्षी फर्म | |

**ख) नमुना बाख्रा खोर निर्माण (५०% अनुदान)**

| क्र.सं. | कृषकको नामथर | ठेगाना | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | डेग बहादुर जि.सी. | मंगला-१, कुँहू रातामाटा | जोन कृषि तथा पशु पंशुपंक्षी फर्म | |

**ग) च्यापकटर वितरण (५०% अनुदान)**

| क्र.सं. | कृषकको नामथर | ठेगाना | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश बहादुर भण्डारी | मंगला-१, पूर्णगाउँ | | |
| २ | हुमा कुमारी सापकोटा | मंलगा-१, कुहुँ | विकल्प कृषि तथा पशुपंक्षी फर्म | |

**निर्णय नं. २७.** प्रस्ताव नं. २७ माथि छलफल गर्दा मंगला गाउँपालिका वडा नं. १ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ५०% अनुदानमा च्यापकटर खरिद तथा वितरणको लागि तपसिलका कृषकहरुलाई छनोट गर्ने निर्णय गरियो ।

| क्र.सं. | कृषकको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | दवित पुन | मंगला-१, तुसारेपानी | |
| २. | चक्रपाणी कडेल | मंगला-१, कुहूँ | |
| ३. | री प्रसाद पुन | मंगला-१, कुहूँ | |
| ४. | कमरे बहादुर पुन | मंगला-१, कुहूँ | |
| ५. | असारी किसान | मंगला-१, पैयुपाटा | |

**निर्णय नं. २८.** प्रस्ताव नं. २८ माथि छलफल गर्दा "दुध संकलन तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९.** प्रस्ताव नं. २९ माथि छलफल गर्दा आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार समपुरक अनुदान तर्फ "पुलचोक पिपलबोट पाँखु धारा सिर्कुम टिकावाङ मोटरबोटो स्तरोन्नती" शीर्षकमा विनियोजित रकम रू. १,६०,००,०००/- (८०,००,०००/- नेपाल सरकार समपुरक अनुदान तर्फ र ८०,००,०००/- गाउँपालिका साझेदारी) बाट ठेकदारले कम कबोल गरेका कारण खर्च नहुने रकम मध्ये रु. २२,००,०००/- (गाउँपालिका साझेदारी तर्फको मात्र) उपभोक्ता समिति मार्फत सोही आयोजनाको पुलचोक पोक खण्डमा निर्माण कार्य गर्न लगाइ खर्च गर्ने निर्णय गरियो । साथै चालू आ.व. को बजेटमा शारदा मा.वि. भवन तला थप शीर्षकमा विनियोजित बजेटको काम उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०.** प्रस्ताव नं. ३० माथि छलफल गर्दा मिति २०८०/१०/०८, च.नं. ११८ को पत्रानुसार माग भए बमोजिमको "मगर आवाज" स्मारिकामा प्रकाशन भएको शुभकामना विज्ञापन वापतको रकम रू. १५,०००/- नेपाल मगर विद्यार्थी संघलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३१.** प्रस्ताव नं. ३१ माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो ।

क) च.नं. ४२५, मिति २०८०/०७/१७ को पत्र अनुसार मंगला गा.पा.-१, बाटुले निवासी श्री धर्मदत्त रेग्मीको मिति २०८०/०४/२६ गते राती परेको अविरल वर्षाको कारण पहिरो गई निजको धान खेती क्षति भएको र निजको घर समेत उच्च जोखिममा रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराउनको लागि सिफारिस पत्र प्राप्त भई आएकोले निज धर्मदत्त रेग्मीलाई आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गा.पा. चालूतर्फ **अध्यक्षसँग उद्धार राहत तथा पुनःस्थापना कार्यक्रम** शीर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग बापत जम्मा रकम रु. १५,०००(अक्षरुपी पन्ध्र हजार) मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

ख) मंगला गाउँपालिका ५ नं वडा कार्यालयको च. नं. १०८१, मिति २०८०/११/२२ को पत्र अनुसार मंगला गा.पा.-५, पाँखु निवासी श्री भरत सापकोटाको ब्याउने र दुहुना भैसी मरेको र निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराउनको लागि सिफारिस पत्र प्राप्त भई आएकोले निज कर्णी बुढाथोकीलाई आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गा.पा. चालूतर्फ **अध्यक्षसँग उद्धार राहत तथा पुनःस्थापना कार्यक्रम** शीर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग बापत जम्मा रकम रु. २०,०००/-(अक्षरुपी बीस हजार) मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

ग) मंगला गाउँपालिका ३ नं वडा कार्यालयको च. नं. ६३७, मिति २०८०/०८/०४ को पत्र अनुसार मंगला गा.पा.-३, बरंजा निवासी श्री सन बहादुर रोकाको रोका फर्निचर उद्योगमा मिति २०८०/०७/२७ गते एक्कासी विद्युत सर्ट भई आगलागी हुँदा निजको फर्निचरको सतलमा क्षति भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराउनको लागि सिफारिस पत्र प्राप्त भई आएकोले निज सन बहादुर रोकालाई आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गा.पा. चालूतर्फ **अध्यक्षसँग उद्धार राहत तथा पुनःस्थापना कार्यक्रम** शीर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग बापत जम्मा रकम रु. १०,०००/-(अक्षरुपी दश हजार) मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

घ) मिति २०८०/०९/०६ को मंगला गाउँपालिका भलिबल संघको पत्रानुसार मिति २०८०/०६/२६ गते देखि २८ गतेसम्म मोना आ इ सी सी ले बेनी म्याग्दीमा आयोजना गरेको पालिका स्तरीय खेलमा उक्त संघको खेलाडीहरु सहभागी भई दोस्रो स्थान हासिल गरेको र मंगला गाउँपालिकाको कार्यालयबाट खेलाडीको पोशाक र खाना खाजा खर्चको लागि बजेट व्यवस्थापन गरिदिन अनुरोध भएकोले रु. २५,०००/- (पच्चीस हजार रुपैयाँ) गाउँपालिका चालू तर्फ अन्य संघ संस्था सहायता शीर्षकमा विनियोजित रकमबाट मंगला गाउँपालिका भलिबल संघलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ङ) मिति २०८०/११/१३ को म्याग्दी जेसीजको पत्रानुसार म्याग्दी जेसीजको २५औं वर्ष (रजत जयन्ती) को सुवर्ण अवसरमा मिति २०८०/०६/०४ देखि ५ गते सम्म बेनी बजार खुल्ला मञ्चमा “नेपाल जेसीस क्षेत्र ख सम्मेलन-२०२३” सम्पन्न भैसकेको र उक्त सम्मेलनको लागि मंगला गाउँपालिकाको कार्यालयबाट हुन सक्ने अधिकतम आर्थिक सहयोग उपलब्ध गरिदिन अनुरोध भएकोले रु. २५,०००/-(पच्चीस हजार रुपैयाँ) गाउँपालिका चालू तर्फ अन्य संघ संस्था सहायता शीर्षकमा विनियोजित रकमबाट म्याग्दी जेसीजलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

च) मंगला गाउँपालिकाको आ.ब.२०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य चौकी गुणस्तरिय सेवाको लागी न्यूनतम मापदण्ड सेवा फ्लो अप तथा सामाग्री खरिद कार्यक्रममा विनियोजित रकम रु. ३०००००।— (अक्षरुपी तिन लाख रुपैयाँ) रकम र मातृ सुरक्षा आकस्मिक कोष स्थापना कार्यक्रमबाट विनियोजित रकम रु. ९०,०००/- (अक्षरुपी नब्बे हजार) रकम रु. ३,९०,०००।— (अक्षरुपी तिन लाख नब्बे हजार) रुपैयाँ बृहत स्वास्थ्य शिविरको लागी स्वास्थ्य तर्फ नसर्ने तथा सर्ने रोग सम्बन्धी शिविर कार्यक्रममा रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।